नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रवृत्ति शाखा,

प्रकाशन मितिः २०७५।११।०६

## विषयः चीन सरकारबाट प्राप्त भएको स्नातकोत्तर तहको छात्रबृत्तिका लागि दरखास्त आह्वान गरिएको जरुरी सूचना ।

मन्त्रालयको मिति २०७५।११।५ को निर्णयानुसार चीन सरकारबाट प्राप्त भएको छात्रबृत्तिमा अध्ययनका लागि छात्रबृत्ति सम्बन्धी नियमावली २०६० (संसोधन सहित) बमोजिम विद्यार्थी छनौट गर्नु पर्ने भएकोले तपशिलका विषयहरुमा उल्लिखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ ।

१ दरखास्तका लागि अवश्यक न्यूनतम योग्यता

क.जुन विषयको छात्रबृत्तिका लागि दरखास्त पेस गर्न चाहेको हो सोही विषयको त्रिभुवन विश्वविद्यालय अन्तगर्तको अध्ययन संस्थान/संकायले सञ्चालन गरको **पछिल्लो** स्नातकोत्तर तहको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनुपर्नेछ ।

ख.मन्त्रालयको मिति २०७५।११।३ को निर्णयानुसार विषयगत रुपमा तोकिएको सिट संख्या र दरखास्तका लागि तोकिएको समूह देहाय बमोजिम कायम गरिएको छ ।

| क.सं | अध्ययन संस्थान तथा संकाय | विषय | जम्मा सीट संख्या | आरक्षण सहित कोटा निर्धारण | |
|---|---|---|---|---|---|
| | | | | साधरण | महिला |
| १ | बन विज्ञान अध्ययन संस्थान | M.Sc. (Watershed Management) | २ | १ | १ |
| | | M.Sc.(NaturalResourceManagement) | २ | १ | १ |
| २ | विज्ञान तथा प्रविधि अध्ययन संस्थान | Micro Biology | १ | १ | |
| | | Bio-Technology | २ | १ | १ |
| | | Geology | २ | १ | १ |
| ३ | मानविकी तथा सामाजिक शास्त्र संकाय | International Relation | १ | १ | |
| ४ | कृषि तथा पशु विज्ञान अध्ययन संस्थान | पशु विज्ञान | ३ | २ | १ |
| | | बालि विज्ञान | ३ | २ | १ |

२ दरखास्तको म्याद तथा माध्यम सम्बन्धी व्यवस्थाः

मिति २०७५ साल फाल्गुण ०६ गते देखि २०७५ साल फाल्गुण १२ गतेसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको छात्रवृत्ति शाखा, केशरमहलमा दरखास्त दिन सकिने छ ।

३ राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरुले राजस्व वापतको रकम रु. १०००। (एक हजार) राष्ट्रिय वाणिज्य बैक ठमेल शाखा वा छात्रबृत्ति शाखा केशरमहल परिसरमा रहको बैक काउन्टरमा दाखिला गरी सोको भौचर दरखास्त आवेदनसँगै बुझाउनु पर्नेछ ।

## Eligibility Criteria to the assigned subject

| SN | Subject | Eligibility |
|---|---|---|
| 1 | Master of Science in Watershed Management (WM): | Candidates with at least three-year Bachelor's degree in Forestry, B.Sc. Agriculture or Environmental Science or B.Sc. Environmental Management or BE (Civil Engineering) or BE (Agriculture Engineering) or B.Sc. degree with major in any of the following subjects: Soil or Geology or Hydrology or Meteorology and with a minimum of 50% marks secured in aggregate . |
| 2 | Master of Science in Natural Resource Management | Candidates with at least three-year Bachelor's degree in Forestry, B.Sc. Natural Resources Management or B.Sc. Agriculture or Environmental Science or B.Sc. Environmental Management or BE (Agriculture Engineering) and with a minimum of 50% marks secured in aggregate . |
| 3 | Micro Biology | The candidates with Bachelor's Degree in Microbiology from Tribhuvan University or equivalent degree recognized by Tribhuvan University |
| 4 | Bio-Technology | Candidates with Bachelor degree in Biotechnology, Microbiology, Agricultural Science, Biochemistry, Environmental Science (with chemistry and biological science), Medical Lab Technology (BMLT), Food Technology, and Bachelor degree in science with chemistry and biological sciences (Botany and/ Zoology), from Tribhuvan University or equivalent degrees from other recognized institutes or universities . |
| 5 | Geology | The candidates who have passed the B.Sc. course in Geology from the Tribhuvan University or the B.Sc. course in Geology from any other equivalent universities or institutions shall be considered eligible for admission to the M.Sc. course in Geology. |
| 6 | International Relation | A Bachelor's Degree in any discipline with second division (CGPA 2.0) from Tribhuvan University or any university recognized by TU and having proficiency in written and spoken English will be the eligible candidate for the enrolment in the MIRD program. |
| 7 | पशु विज्ञान | Passed B.V.Sc and AH at least in Second division. |
| 8 | बालि विज्ञान | Passed B.Sc Agriculture atleast in second division. |

४. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु

क. साधारण समूह (General Group)

- ❖ पूर्णरुपमा भरिएको आवेदन फाराम
- ❖ राजस्व बुझाएको सक्कल भौचर
- ❖ नागिरकता प्रमाण पत्रको प्रतिलिपि
- ❖ त्रिभुवन विश्वविद्यालय अन्तगर्तका अध्ययन संस्थान वा संकायले सञ्चालन गरेको प्रवेश परीक्षाको योग्यताक्रम नम्बर
- ❖ स्नातक तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, Character certificate/Original/Provisional certificate को प्रतिलिपि ।
- ❖ शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सबै वा कुनै तहको सम्बन्धित बोर्डबाट जारी गरिएको Transcript वा मार्कसिटका साथ pass certificate/degree awarded certificate/provisional certificate र migration certificate का साथ त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र बाट प्रदान गरेको समकक्षताको कागजात ।
- ❖ दश जोड २ वा सो सरहको Transcript
- ❖ SLC मार्कसिटको प्रतिलिपि
- ❖ नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

ख. सामुदायिक विद्यालय (Community School Group) तर्फको आरक्षण समूहः

(विपन्नताको सिफारिस सरकारी विद्यालय सम्बन्धी सिफारिस र आरक्षित समूह सम्बन्धी प्रमाण समेत ३ वटै प्रमाण पेश गर्न सक्ने उम्मेदवारका लागि मात्र)

यस समूहमा दरखास्त पेश गर्ने उम्मेदवारहरुले माथि साधारण समूह (general Group) का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेतको सक्कल प्रति सहितको फोटोकपी पेश गर्नुपर्नेछ ।

- ❖ SLC/SEE उत्तीर्ण गरेको विद्यालय सामुदायिक हो भनी शिक्षा विकास तथा समन्वय ईकाइ वा स्थानीय तहले प्रदान गरेको सिफारिस पत्र ।
- ❖ सम्बन्धित स्थानीय तहले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० को अनुसूची १ अनुरुप को ढाँचामा मिति २०७५ साल फाल्गुण ६ गते पछि दरखास्त फाराम भर्ने अन्तिम मिति २०७५।११।१२ सम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र ।
- ❖ आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिश पत्र ।

| आरक्षण समूह | सिफारिस गर्ने निकाय तथा व्यहोरा |
|---|---|

| | |
|---|---|
| विपन्नताको सिफारिस | सम्बन्धित स्थानीय तहबाट |
| सामुदायिक विद्यालयमा अध्ययन गरेको सिफारिस | सम्बन्धित शिक्षा विकास तथा समन्वय ईकाइ वा स्थानीय तहबाट |

ग. अन्य विद्यालय समूह (Other School Group) पूर्णरुपमा भरिएको आवेदन फाराम

यस समूहमा दरखास्त पेस गर्ने उम्मेदवारहरुले (General Group) साधारण समूहका लागि तोकिएका कागजातका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी तोकिएको निकायको सिफारिस पत्रको सक्कल प्रति र १/१ प्रति फोटोकपी पेश गर्नुपर्ने छ ।

५. योग्यताक्रमः

क. रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुले सम्बन्धित अध्ययन संस्थान वा संकायले सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज प्रमाण समेतको अधारमा छात्रबृत्ति सम्बन्धी नियमावली बमोजिम नियमानुसार साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गरिने छ ।

ख. विपन्नताको सिफारिसः देहाय अनुसारको ढाँचामा विपन्नताको सिफारिस मिति २०७५/११/६ गते देखि दरखास्त पेस गर्ने दिनसम्ममा सम्बन्धित व्यक्ति बसोबास गरेको स्थानीय तहको सिफारिस पत्रमा आधिकारिक पदाधिकारीबाट प्रमाणित भएको हुनुपर्ने छ । अन्यथा दरखास्त आरक्षण तर्फ अस्वीकृत भई साधारण तर्फ मात्र कायम हुने छ ।

**नोटः ईन्जिनियरिङ तर्फ छुट्याइएका छात्रबृत्तिका लागि IOE बाट प्रवेस परीक्षा भए पश्चात सूचना प्रकाशन गरिने छ ।**

अनुसूची–१ख.
(नियम १३क. को उपनियम (३) सग सम्बन्धित)

श्री शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय,
केशरमहल, काठमाडौ ।

विषयः– विपन्नताको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ......................... को नाति/नातिनी श्री ........................ .. को छोरा/छोरी ........... जिल्ला ................ गा.पा./ न.पा./ उ.म.न.पा / म.न.पा. .............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती .................... मिति .......... देखि ........ सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ......................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको–
सहीः
नामः
पदः
कार्यालयः
मितिः
कार्यालयको छापः